# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
वागमती प्रदेश, नेपाल

प. सं. ८/२०७८/०७९ प्र. ज. वि. शा.
च. नं. ५५०६

मिति: २०७८/११/२०

विषय: आवश्यक कार्यार्थ ।

श्री वडा कार्यालयहरु (सबै),
भरतपुर महानगरपालिका ।

जिल्ला निर्वाचन कार्यालय, चितवनको प. सं. ०७८/०७९ च. नं. १७५ मिति २०७८/११/११ गतेको पत्र र मतदाता परिचयपत्र सम्बन्धी प्रेस विज्ञप्ती यसैसाथ संलग्न गरी आवश्यक कार्यार्थ पठाइएको व्यहोरा अनुरोध छ ।

०७८/११/२०
.................................
(रामबन्धु सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत
रामबन्धु सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०५६-५२०१६७,५२१४६७,५३००६२,५२६९५१,५२२२५२,५२५७७१,फ्याक्स नं. ०५६-५२००१४
E-mail: bmc@ntc.net.np, Website: bharatpurmun.gov.np
(मन्त्रिपरिषदवाट महानगरपालिका घोषणा मिति: फागुन २७, २०७३)

निर्वाचन आयोग, नेपाल

# जिल्ला निर्वाचन कार्यालय

## चितवन

प.सं. :- ०७८/०७९

च.नं. :- १६५

फोन नं. :- ०५६-५९०६९१

ईमेल :- deo.chitwan@election.gov.np

श्री निर्वाचन आयोग नेपाल जिल्ला निर्वाचन कार्यालय चितवन, भरतपुर २०५६

मिति : २०७८/११/१९

श्री भरतपुर महानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, चितवन ।
श्री रत्ननगर नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, चितवन ।
श्री खैरहनी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, चितवन ।
श्री राप्ती नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, चितवन ।
श्री कालिका नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, चितवन ।
श्री माडी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, चितवन ।
श्री इच्छाकामना गाँउपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, चितवन ।

श्री प्रशासन ... कार्यार्थ ... २०७८/११/२०

विषय :- मतदाता परिचयपत्र सम्बन्धमा ।

प्रस्तुत विषयमा निर्वाचन आयोग, नेपालको मिति २०७८/११/१० को मतदाता परिचयपत्र सम्बन्धमा जारी भएको प्रेस विज्ञप्ति यसै पत्र साथ संलग्न गरी पठाईएको छ । सोही प्रेस विज्ञप्तिको बुँदा नं. (क) मा उल्लेख भए बमोजिम मतदाता परिचय पत्र नष्ट भएका वा हराएका व्यक्तिहरुको पुनः मतदाता परिचय पत्र बनाउनका लागि आवश्यक पर्ने सिफारिस निशुल्क उपलब्ध हुने व्यवस्थाको लागि निर्वाचन आयोगबाट परिपत्र भएकै होला सो सम्बन्धमा पालिका भित्रका व्यक्तिहरुको मतदाता परिचय पत्र नष्ट भएका वा हराएका भएमा पुनः मतदाता परियचय पत्रको प्रतिलिपि लिनको लागि वडा कार्यालयको सिफारिससहित निवेदन जिल्ला निर्वाचन कार्यालय, चितवनको Email id = deo.chitwan@election.gov.np मा (मिति २०७८ साल फागुन २० गते कार्यालय समय भित्र) पठाएमा पनि आवश्यक कार्वाही गरिने व्यहोरा वडा स्तरका मतदाताहरुमा समेत सूचना प्रवाह गरिदिनु हुन अनुरोध छ ।

१३६४५
११/२०

भिमसेन कार्की
जिल्ला निर्वाचन अधिकारी
भिमसेन कार्की
निर्वाचन अधिकारी

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

मिति २०७८।११।१०

# प्रेस विज्ञप्ति

## मतदाता परिचयपत्र सम्बन्धमा

स्थानीय तह निर्वाचन, २०७९ का लागि आयोगले विगतका निर्वाचनहरुमा जस्तै मतदाता परिचयपत्र तयार गरी वितरण गर्ने कार्यक्रम रहेको छ । सो अनुसार विगतका निर्वाचनमा मतदाता परिचयपत्र प्राप्त गरेका मतदाताले मतदाता परिचयपत्र विभिन्न कारणले नष्ट भएको, हराएकोले पुनः बनाउनु पर्ने भनी आफ्नो वडा कार्यालयको सिफारिस सहित निर्वाचन कार्यालयमा निवेदन दिएमा आयोगबाट त्यस्ता मतदाताको परियपत्र बनाउने भन्ने निर्णय भएकोमा मतदाता परिचयपत्र सिफारिशका लागि कतिपय स्थानीय तहबाट दस्तुर समेत लिएको भन्ने जानकारी प्राप्त भएको सन्दर्भमा आयोगबाट मिति २०७८।११।१० मा देहाय बमोजिम निर्णय भएको छ ।

(क) आयोगको मिति २०७८/११/०५ को निर्णय बमोजिम विभिन्न कारणले परिचय पत्र नष्ट भएका वा हराएका परिचयपत्र पुनः बनाउनुपर्ने भनी सम्बन्धित मतदाताले वडा कार्यालयको सिफारिस सहित प्रदेश निर्वाचन कार्यालय, जिल्ला निर्वाचन कार्यालयमा निवेदन गर्न आएमा मतदाता परिचयपत्र उपलब्ध गराउने प्रयोजनका लागि निशुल्क रुपमा सिफारिस गर्न सबै स्थानीय तहमा परिपत्र गर्ने ।

(ख) यसैगरी आयोगबाट मिति २०७८/११/०५ मा सरोकारवाला स्वयंले आफ्नो वडा कार्यालयको सिफारिस सहित मतदाता नामावली रहेको सम्वन्धित निर्वाचन कार्यालयमा निवेदन दिने भन्ने निर्णय भएकोमा वडा कार्यालयको सिफारिस सहित सम्बन्धित मतदाता स्वयं उपस्थित भइ निवेदन दिएमा वा वडा कार्यालयको सिफारिस सहित इमेल वा फ्याक्स वा अन्य विधि मार्फत समेत प्रदेश निर्वाचन कार्यालय, जिल्ला निर्वाचन कार्यालयमा निवेदन पठाएमा सो निवेदन समेत दर्ता गरी प्रक्रिया अगाडि बढाउन निर्वाचन कार्यालयलाई निर्देशन दिने ।

( सूर्यप्रसाद अर्याल )

सहायक प्रवक्ता